गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत

**विनियोजन विधेयक, २०८१**

**<u>प्रस्तावना :</u>** गुर्भाकोट नगरपालिका सुर्खेतको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले । नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम गुर्भाकोट नगरपालिका सुर्खेतको नगर सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**(१) यस विधेयकको नाम **"गुर्भाकोट नगरपालिका, सुर्खेतको विनियोजन ऐन २०८१,"** रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>**(१)आर्थिक वर्ष २०८१/०८२को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ९,४०,७२३,४५९।- (अक्षरेपी चौरानब्बे करोड सात लाख तेइस हजार चार सय उन्साठी मात्र |) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ

३ . **<u>विनियोजन :</u>**(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२को निमित्त गुर्भाकोट नगरपालिका, सुर्खेतको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ संग सम्बन्धित)

| क.स. | अनुदान संख्या | शीर्षको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | | गुर्भाकोट नगरपालिका | ५४,११,८९,०००।- | ३९,९५,३४,४४९ | ९,४०,७२३,४५९।- | |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी(शेयर /ऋण) | | | | |

**अक्षरेपीः** **चौरानब्बे करोड सात लाख तेइस हजार चार सय उन्साठी ।**